# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

सिभिल बैंक लिमिटेडको सहायक कम्पनी

केन्द्रीय कार्यालय
चावहिल, काठमाडौं, नेपाल
टेलिफोन नं: ९७७-१-४५९८३३३, ४५९८३३४
ईमेल : info@civillaghubitta.com.np
वेबसाईट : www.civillaghubitta.com.np


# UNAUDITED FINANCIAL RESULTS (QUARTERLY)

## As at the end of Third Quarter -2078/79

(NPR in '000')

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **4,157,380** | **3,904,005** | **2,360,259** |
| 1.1 | Paid-up Capital | 288,124 | 288,124 | 233,934 |
| 1.2 | Reserves and Surplus | 123,326 | 108,041 | 112,893 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 2,596,650 | 2,471,571 | 1,289,689 |
| **1.5** | **Deposits (a+b)** | **931,454** | **841,408** | **574,675** |
| | a. Domestic Currency | 931,454 | 841,408 | 574,675 |
| | b. Foreign Currency | - | - | - |
| 1.6 | Income Tax Liabilities | 22,636 | 16,086 | 20,651 |
| 1.7 | Other Liabilities | 195,189 | 178,775 | 128,416 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **4,157,380** | **3,904,005** | **2,360,259** |
| 2.1 | Cash & Bank Balance | 64,020 | 118,664 | 83,283 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 3,989,177 | 3,694,502 | 2,210,669 |
| 2.5 | Fixed Assets | 25,658 | 23,753 | 21,006 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 78,525 | 67,086 | 45,301 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 355,814 | 217,978 | 181,054 |
| 3.2 | Interest Expense | 179,407 | 99,523 | 64,157 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **176,407** | **118,455** | **116,897** |
| 3.3 | Fees Commission and Discount | 1,811 | 1,284 | 1,095 |
| 3.4 | Other Operating Income | 66,016 | 46,706 | 42,617 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **244,234** | **166,445** | **160,608** |
| 3.6 | Staff Expenses | 102,343 | 69,159 | 59,076 |
| 3.7 | Other Operating Expenses | 50,611 | 32,162 | 31,000 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **91,280** | **65,124** | **70,533** |
| 3.8 | Provision for Possible Loss | 9,901 | 8,164 | - |
| **D** | **Operating profit (C-3.8)** | **81,379** | **56,960** | **70,533** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 209 | 103 | 192 |
| 3.10 | Write Back of Provision for Possible Loss | 2,251 | 2,513 | 5,760 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **83,839** | **59,577** | **76,484** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **83,839** | **59,577** | **76,484** |
| 3.12 | Provision For Staff Bonus | 8,384 | 5,958 | 7,648 |
| 3.13 | Provision For Tax | 22,636 | 16,086 | 20,651 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **52,818** | **37,533** | **48,185** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 10.42% | 10.79% | 15.52% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.76% | 1.33% | 1.71% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 59.01% | 80.16% | 78.13% |
| 4.4 | Cost of Funds | 11.05% | 8.27% | 5.72% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 297.78% | 299.32% | 240.23% |

Note: 1. The unaudited financial Figures may change if directed by statutory auditor/supervisory authorities
2. Figures are regrouped and reclassified wherever appropriate for fair presentation.

| Interest Rate : | |
|---|---|
| **1. Deposit : 3% - 8.91%** | **2. Loan & Advance : 15%** |

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)**

## आर्थिक वर्ष २०७८/७९ को तेश्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण** :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरणः
यस त्रैमासिक अवधिको अपरिष्कृत वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ । जसलाई संस्थाको वेबसाईटः www.civillaghubitta.com.np मा पनि राखिएको छ ।

(ख) यस सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड (सिभिल बैंक लिमिटेडको सहायक कम्पनी) मा ६० प्रतिशत संस्थापक सेयर र ४० प्रतिशत सर्वसाधारणको सेयर स्वामित्व रहेको छ भने संस्थापक सेयरधनी श्री सिभिल बैंक लिमिटेडको ५१ प्रतिशत सेयर स्वामित्व रहेको छ । यस वित्तीय संस्थासँग सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत सिभिल बैंक लिमिटेडसँगको कारोबार निम्न बमोजिम रहेको छ ।

| सिभिल बैंक लिमिटेडलाई तिर्न बाँकी सापटी | सिभिल बैंक लिमिटेडमा रहेको मौज्दात | सिभिल बैंक लि. बाट लिएको सापटीमा यस आ.व. को ब्याज खर्च |
|---|---|---|
| रु. ४४,७४,०५,८६४।७२ | रु. ७,९७,६०४।३७ | रु. २,३०,५२,९४३।२७ |

(ग) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति सेयर आम्दानी अनुपात (वार्षिकीकरण) | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति सेयर नेटवर्थ | प्रति सेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| २४।४४ | ३४।९८ | १४१।६६ | १,४४२।९१ | ६।८७ |

**२. व्यवस्थापकीय विश्लेषण**:

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण:**
यस त्रैमासिक अवधिमा संस्थाको कारोवार, मौज्दात, आम्दानीमा व्यवस्थापनले अनुमान गरे अनुरुप सकारात्मक परिवर्तन देखिएको छ जसको कारण संस्थाले समूह सदस्यको निक्षेप तथा कर्जा लगानी बढाउदै लैजानु, खर्चमा मितव्ययीता अपनाउनु र ग्राहक सदस्यहरुलाई संस्थाको सेवामा आकर्षित गर्न सक्नु आदि रहेका छन् भने बजारमा कर्जा माग अनुसारको लगानीयोग्य रकम अभावको कारण तरलतामा कमी आएको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
राष्ट्रिय स्तरको कार्यक्षेत्रको इजाजतपत्रप्राप्त यस वित्तीय संस्थाले संख्यात्मक तथा गुणात्मक बृद्धिलाई आफ्नो प्रमुख लक्ष्यका रुपमा अगाडि सारेको छ । फलस्वरुप यस संस्थाले ७५ शाखा कार्यालयहरु मार्फत ६७,८४० विपन्न घरपरिवारका ग्राहक सदस्यहरुलाई गुणस्तरीय वित्तीय सेवा प्रदान गर्दै आईरहेको छ । लघुवित्तीय बजारको वर्तमान अवस्थालाई मध्यनजर गर्दै सेवाको पहुँच कम भएका स्थानहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै लैजाने लक्ष्यका साथ कार्य भैरहेको छ । संस्थाले नविनतम् प्रविधिहरुको प्रयोग गरी छिटो छरितो र विश्वासनिय एवं दिगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**
श्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलताको अभावको कारण लागत बढ्न सक्ने आदि समस्या रहेतापनि सदस्यहरुले यस संस्थाप्रति देखाएको विश्वासले गर्दा संस्थाको मौज्दात तथा आम्दानीमा व्यवस्थापनले अनुमान गरे अनुरुप उपलब्धी हाँसिल गर्नेमा व्यवस्थापन विश्वस्त छ ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण** :

(क) त्रैमासिक अवधिमा यस वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालक विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको सेयर कारोवार सम्बन्धी विश्लेषण** :

(क) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति तथा अन्य कारणहरुको असर स्वरुप मूल्यमा उतार चढाव आएता पनि हालसम्मको कारोवार सन्तोषजनक रहेको छ ।

(ख) नेपाल स्टक एक्सचेन्जको वेबसाइटअनुसार त्रैमासिक अवधिमा यस संस्थाको सेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,२३३ | ८३० | ८५५ | ५८ | ३,४३० |

**५. समस्या तथा चुनौती** :

(क) बजारमा देखिएको तरलता अभावको कारणले यस वित्तिय संस्थालाई पनि प्रत्यक्ष रुपमा असर गरेको छ । वित्तिय संस्थाको कोषको लागतमा क्रमिक रुपमा वृद्धि हुँदै गएको छ जसले गर्दा व्यवसाय निरन्तरतालाई कायम राख्न थप कठिन हुने देखिन्छ ।

(ख) बढ्दो प्रतिस्पर्धा, दक्ष जनशक्तिको अभाव, सञ्चालन खर्चमा हुनसक्ने वृद्धि तथा नीतिगत परिवर्तनबाट सृजना हुनसक्ने चुनौती ।

(ग) दुर्गम स्थानहरुमा कार्यक्रम विस्तार गर्न आवश्यक रहने पूर्वाधार तथा सूचना प्रविधि आदिको अभाव ।

(घ) कोभिड-१९ जस्ता अप्रत्याशित रुपमा आईपर्ने प्राकृतिक तथा अन्य विपत्तिबाट सृजना हुने परिस्थितिबाट हुनसक्ने चुनौती ।

**६. संस्थागत सुशासन** :

यस वित्तीय संस्थाले विद्यमान ऐन कानुन तथा नीति नियम र नियमनकारी निकायहरुबाट प्राप्त निर्देशनहरु पालना गर्दै संस्थागत सुशासनका लागि सदैव प्रतिबद्ध रहेको छ । साथै, वित्तीय संस्थाका सेयरधनिहरु प्रति वित्तीय संस्थाको सञ्चालक समिति पूर्ण रुपमा जवाफदेही र उत्तरदायी रहेको छ । नेपाल राष्ट्र बैंकको नीति नियम अनुसार संस्था सञ्चालनमा रहि आन्तरिक प्रणालीलाई व्यवस्थित गर्न नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराई लेखापरीक्षकले दिएको सुझाव बमोजिम कार्यान्वयन गर्दै आएको छ । लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था तथा सदस्यहरुलाई अप्ठ्यारो परेको बेला सहयोग पुर्‍याउने उद्देश्यले स्थापित ग्राहक संरक्षण कोषको ब्यवस्था गरिएको छ । यस वित्तीय संस्थाको सञ्चालक समितिले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन विभिन्न समितिहरु गठन गरी कार्य संचालन गर्दै आएको छ । आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय-समयमा हुने निरीक्षणवाट प्राप्त सुझावहरुको पूर्ण पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन सञ्चालक समिति कटिवद्ध रहेअनुसार कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण** :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण वा सूचना तथा जानकारी लुकाइएको छैन ।